श्री
सर्वोच्च अदालत
**सूचना प्रविधिका उपकरण खरिद सम्बन्धि**
**पुनः दरभाउपत्र आव्हानको सूचना**
*(प्रथम पटक प्रकाशित मिति २०७६।०१।३१)*

यस अदालतको लागि आवश्यक भएको तपसिल बमोजिमका सूचना प्रविधिका उपकरण दरभाउपत्रको माध्यम बाट खरिद गर्नु पर्ने भएकोले दरभाउपत्रको लागि यो सुचना प्रकाशित गरिएको छ । देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरूबाट ***सिलबन्दी दरभाउपत्र*** बाट पेश गर्न सकिने छ ।

१. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्रदाताहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्र/कर विवरण पेश गरेको प्रमाण कागजातको प्रतिलिपिहरू समेत राखी निवेदन पेश गरेमा यस अदालतको भण्डार शाखाबाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ । दरभाउपत्र १५ दिन भित्र खरिद गरी १६ औं दिनको १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस अदालतमा खोलिने छ ।

२. कारणवस दरभाउपत्र विक्रि, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि अड्डा खुलेको दिनमा क्रमशः सोही समयमा दरभाउपत्र विक्रि तथा दर्ता समेतको कार्य गरिनेछ ।

**राजस्व वापत दाखिला गर्नुपर्नेः-**

- **वैंकको नाम :** राष्ट्रिय वाणिज्य वैंक, टेकु, काठमाडौं
- **रकम दाखिला हुने कार्यालयको नाम :** सर्वोच्च अदालत
- **कार्यालय कोड नं.:** २०४००३५०१
- **राजस्व शिर्षक नं.:** १४२२७
- **खाता नं. :** क-१-१-९९९

३. दरभाउपत्रदाताले दिने सूचना प्रविधिका उपकरणहरुको मूल्य अभिवृद्धि कर बाहेकको रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखी दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत सूचनामा उल्लेखित रकम को.ले.नि.का.समन्वय कार्यालय बबरमहलको नेपाल राष्ट्र वैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको वैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त वैंकको विड वण्ड (वैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरू दरभाउपत्र साथ पेश गर्नुपर्ने छ । सिलबन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.व. २०७५/०७६ को लागि सप्लाइ गर्ने सूचना प्रविधिको उपकरणको व्यहोरा सहित सिलबन्दी खाममा पेश गर्नेको ठेगानामा दरभाउपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।

४. दरभाउपत्रदाता आधिकारिक सोल एजेण्ट तथा डिलर दरभाउपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैंले एजेन्सी सम्बन्धि वा डिलरशीप सम्बन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र दरभाउपत्र संलग्न गर्नुपर्ने छ । साथै व्यवसाय दर्ता इजाजत पत्रको प्रति समेत दरभाउपत्र फाराम साथ संलग्न गरेको हुनुपर्नेछ ।

५. दरभाउपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रमा भाग लिने दरभाउपत्रदाताहरूले दरभाउपत्र साथ आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाण पत्र/कर विवरण पेश गरेको प्रमाण, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत कागजात दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्रसाथ पेश गरिने कागजातहरू सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

८. दर्ता भएका दरभाउपत्रहरूमा दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका दरभाउपत्रहरूबाट मात्र छनोट गरिनेछ ।

९. दरभाउपत्रमा उल्लेखित संख्यामा घटी बढी सूचना प्रविधिका उपकरणहरु खरिद गर्नु परेमा दरभाउपत्रले कबोल दररेटमा उलपब्ध गराउनु पर्ने छ ।

१०. दरभाउपत्रदाताले सूचना प्रविधि सम्बन्धी उपकरण आपूर्ति गर्ने सम्झौतामा उंल्लेख भएको अवधी भित्र सप्लाई गर्नु पर्नेछ ।

११. दरभाउपत्रका सर्त र सुचनाहरू राम्रोसँग अध्ययन गरि दरभाउपत्र फाराम भर्न हुन अनुरोध गरिन्छ ।

१२. यस सुचनामा र दरभाउपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा दरभाउपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।

१३. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्ने छ ।

१४. प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

१५. रीत नपुगी वा दरभाउपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१६. यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको भण्डार शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| दरभाउपत्र सुचना नं | सप्लाइ गर्नु पर्ने सामान | संख्या | दरभाउपत्र फारम दस्तुर | न्यूनतम जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १४/२०७५/०७६ | Backup Link | ७ स्टेशन | १,०००।- | ३२,५००।- | सिलबन्दी दरभाउपत्र |